नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
सडक डिभिजन जनकपुर, मुजेलिया धनुषा

खरिद सम्झौताको अन्त्य गरिएको र वित्तीय फरफारक सम्बन्धी सार्वजनिक सूचना ।

प्रकाशित मिति : २०८३।०३।२६ गते

यस डिभिजन अन्तर्गतका तपसिलका ठेक्काहरूको तपसिलमा उल्लिखित निर्माण व्यवसायीले ठेक्का सम्झौता अनुसार सुरु/संशोधित म्याद समाप्त भइसक्दा पनि पटक-पटक लिखित एवं मौखिक रूपमा कार्य प्रारम्भ/निरन्तरता गर्न ताकेता गरिएको, नि.व्य. बाट विभिन्न समयमा पेश गरेको संशोधित कार्यतालिका तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता अनुसार निर्माण कार्य समयमै प्रारम्भ गर्न निर्देशन दिइएको र सो निर्देशन पालना नगरे कारबाही गरिने जनाउ समेत दिइएकोमा सम्पर्क विहीन भई सम्झौता बमोजिमको कार्य नगरेको, Maximum Liquidated Damage Period-200 Days भन्दा बढी समयदेखि साइटमा उपस्थिति नभएको, निर्माण कार्य ठप्प पारी निर्माण स्थल अलपत्र अवस्थामा राखेको, ठेक्का अन्त्य किन नगर्नेबारे राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरेकोमा चित्तबुझ्दो स्पष्टीकरण पेश नगरेको लगायतका गैरकानुनी, धोखाधडी र अव्यवसायिक गतिविधि गरेको हुँदा ठेक्का सम्झौता (Contract Agreement) को GCC Clause 72 (Termination) को Sub-Clause 72.3 (b) 72.3 (g) र GCC 72.3 (1) अनुरूप निज फर्महरूबाट Fundamental Breach of Contract भएको र मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ४९९ अनुसार असल नियतले करारीय दायित्व पूरा गर्नुपर्नेमा गैरकानुनी हर्कत गरेको हुँदा सोही सम्झौताको Clause 72.1 मा भएको व्यवस्था, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन अध्यादेश सहित) को दफा ५९ को उपदफा २ (क) र उपदफा (७) तथा प्रचलित कानुन (Applicable/Prevailing Laws) बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ । यस पश्चात् सोही Contract Agreement को GCC 74, ऐनको दफा ६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ अनुसार कालोसूचीमा राख्न श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, केशरमहल, काठमाडौँलाई सिफारिस गरिनेछ । साथै सोही Contract Agreement को GCC 75, ऐनको दफा ५९ (८), नियमावलीको नियम १२८ तथा प्रचलित कानुन (Applicable/Prevailing Laws) बमोजिम Post Termination Evaluation/Valuation & Financial Settlement (सरकारी बाँकी सरह असुल उपर समेत) का काम कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरी वित्तीय फरफारक (Financial Settlement) का लागि निज निर्माण व्यवसायीहरूलाई १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुन अनुरोध गरिन्छ । अन्यथा यस कार्यालयका प्राविधिकहरूबाट नियमानुसार प्रक्रिया स्वतः अगाडि बढाइने व्यहोरा समेत सूचित गराइन्छ ।

तपसिल

क्र.सं.	योजनाको नाम	ठेक्का नं.	नि.व्य. को नाम
1	Construction Of Jallad River Bridge Along Jatahi Janakpur Six Lane Road (Ch.7+250)	3373204/ TRIPJJRIP/ 2075-76-02	NAGARJUN/HEM CONSTRUCTION JV (PAN No. 609316182)
2	Construction Of RCC Bridge over Dudhamti River, Jatahi-Janakpur Six Lane Road (Ch.0+700)	3373204/ TRIPJJRIP/ 2075-76/03	NAGARJUN/HEM CONSTRUCTION JV JANAKPURDHAM-4 (PAN No. 609316182)
3	Construction Of RCC Bridge Over Basai River Janakpur Dhalkaber Six Lane Road(ch 21+060)	TRIPJJD/337320/ 4/2075-76-06	NAGARJUN/HEM CONSTRUCTION JV (PAN No. 609316182)
4	Road Upgrading Works Mahottari Loharpatti No 8 Kabirgama Gaun Dekhi Khutta Hudai Janakpur Jane Mukhaya Sadak	RDJKR/33701169/ 081-82-15	SKY CONSTRUCTION AND SUPPLIERS (PAN No. 608954813)
5	Road Upgrading Works Along Itharaba Bazzar Hudai Aaurahi ko Parikrama Samma Jone Sadak	RDJKR/33701169/ 081-82-63	BABA BUDDHESWARNATH CONSTRUCTION COMPANTY KATHMANDU-10 (PAN No. 610215838)
6	Bridge Protection Works Damaged Due To Heavy Flood at Geruki River Bridge and Near Ramananda Bishweshwar Mahendra Campus Jaleshwar Along Bardibas Jaleshwar Road Section Mahottari	RDJKR/33701122/ 082-83/28	CHURE CONSTRUCTION AND SUPPLIERS, EKDARA, MAHOTTARI (PAN NO. 618758256)

डिभिजन प्रमुख